**एशियन हाइड्रोपावर लि.को**

**पाँचौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

१. **वैधानिक सभाः**

एशियन हाइड्रोपावर लिमिटेडको मिति २०८० साल पुष ४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा कम्पनीको प्रबन्ध-पत्र र नियमावली बमोजिम कम्पनीको पाँचौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद फयालज्यूका अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाका स्थान, मिति र समयः**

२.१ स्थान : द ईन्ट्रान्स क्याफे, ललितपुर।

२.२ मिति : ***२०८० साल पुष २७ गते*** (तदनुसार १२ जनवरी, २०२४), शुक्रबार ।

२.३ समय : बिहान १२:३० बजे प्रारम्भ भई दिउँसो २:०० बजे सम्पन्न भयो ।

३. **उपस्थितिः**

३.१ **सञ्चालकहरूः**

१. श्री शम्भु प्रसाद फयाल (प्रतिनिधी- सि.ई. कन्ष्ट्रक्सन प्रा.लि.) अध्यक्ष

२. श्री शुष्मा श्रेष्ठ (प्रतिनिधी- ग्रान्डी होल्डीङस् प्रा.लि) संचालक

३. श्री रवि कृष्ण मुल्मी (प्रतिनिधी-उर्जा डेभलपर्स प्रा.लि.) संचालक

४. श्री अमित कुमार शाह (प्रतिनिधी-सस्कृती ईन्भेष्टमेन्ट प्रा.लि.) संचालक

५. श्री राजकुमार लाखे स्वतन्त्र संचालक

६. श्री मनु मानन्धर कम्पनी सचिव

ASIAN Hydropower Ltd.

४. **सभाका सूचना प्रकाशनः**

४.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुन विषयहरू सहितका विवरण खुलाई प्रथम पटक मिति २०८० साल पौष ५ गते (तदनुसार २१ डिसेम्बर, २०२३) को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक पत्रिकामा तथा दोस्रो पटक २०८० साल पौष १६ गते (तदनुसार १ जनवरी, २०२४) को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

४.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षका प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (सक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू प्रत्येक शेयरधनी महानुभावहरूलाई ईमेल मार्फत यथासमयमा पठाइएको थियो ।

५. **वार्षिक साधारण सभाको छलफलका विषयहरुः**

क) **सामान्य प्रस्तावः**

१) आ.व. २०७९/०८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । *(हाल कायम लेखा परीक्षक चार्टड एकाउन्टेन्ट श्री जी.प्रकाश एण्ड एशोसिएट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)* ।

४) संचालक समितिबाट सिफारिश भई आएबमोजिम स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।

५) समूह "क" अन्तर्गतका शेयरधनीहरु मध्येबाट ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

६) विविध ।

६. **शेयरधनीहरुको उपस्थिति**

| बाँडफाँड भएको कुल शेयरसंख्या | कुल शेयरधनी संख्या | स्वंय तथा प्रतिनिधिपत्र मार्फत उपस्थिति शेयरधनी संख्या | उपस्थिति कुल शेयर संख्या | बाँडफाँड भएको शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३४००००० | ३४०००० | ५५ | २००१५३८ | ५८.८७% |

७. **गणपुरक संख्या एंव सभाका वैधानिकताः**

७.१. पाँचौं वार्षिक साधारण सभा शुरू हुनु अघि कम्पनी सचिव श्री मनु मानन्धरले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम यो पाँचौं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुरूप सभाका लागि आवश्यक गणपुरक संख्या माथि बुँदा नं. ६ मा उल्लेख भएबमोजिम पुगेको कुरा सभालाई जानकारी दिनुभयो ।

७.२. तत्पश्चात निर्धारित विषय-सूचीका क्रमानुसार कानून बमोजिम सभा अगाडि बढयो ।

८. **आसन ग्रहण**

ASIAN Hydropower Ltd.

गणपुरक संख्या पुगेको र सभा वैधनिक रहेकोले कम्पनी सचिवले कम्पनीका संचालकज्यूहरु, आमन्त्रित महानुभावहरु तथा कम्पनीका उच्चपदस्थ पदाधिकारीहरुलाई आसन ग्रहण गराउनु भयो ।

९. **राष्ट्रिय गान, पानसमा दिप प्रज्वलन, सभाको अध्यक्षता र सभा संचालन**

आसन ग्रहण पश्चात सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो । राष्ट्रिय गान पश्चात अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गर्नुभयो । सो पश्चात कम्पनी ऐनको २०६३ तथा कम्पनीको नियमवाली बमोजिम कम्पनीको पाँचौं वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन कम्पनी संचालक समितिका समितिका अध्यक्ष श्री शम्भु प्रसाद फयलज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो र सोही बमोजिम कम्पनीका अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । अध्यक्षको अनुमतिमा कम्पनी सचिव तथा कम्पनीका कानूनी सल्लाहकारले साधारण सभाको काम कारवाही अगाडि बढाउनु भयो ।

१०. **सभाको संचालन तथा प्रतिवेदन प्रस्तुतिः**

कम्पनीको पाँचौं वार्षिक साधारण सभा संचालन गर्ने क्रममा अध्यक्षज्युले विषयसुची अनूसार संचालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन सभामा प्रस्तूत गर्नुभयो ।

१०.१ सभाका काम कारवाहीलाई अगाडि बढाउन क्रममा सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद फयलज्यूले आफ्ना मन्तव्यका मुख्य मुख्य अंश पढेर सुनाउन भयो ।

१०.२ अध्यक्षका मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको वार्षिक प्रतिवेदन, उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री शम्भु प्रसाद फयलज्यूले आव्हान गर्नुभयो ।

११. **छलफलका लागि आव्हान**

अध्यक्षज्यूले आफ्नो मन्तव्य राखिसके पश्चात कम्पनीको काम कारवाहीहरु, भावि कार्ययोजनाहरु, सभामा छलफलका लागि निर्धारित प्रस्तावहरु लगायत कम्पनीसँग सम्वन्धित कुनै पनि विषयमा कुनै जिज्ञासा, प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन भनि कानुनी सल्लाहाकारले सभामा उपस्थित आदरणिय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई आव्हान गर्नुभयो ।

१२. **जिज्ञासा, प्रश्न तथा सुझावहरु**

उपस्थिति आदरणीय शररेधनी महानुभावहरु तथा उपस्थिति प्रतिनिधिहरुलाई जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आव्हान गर्नुभएकोमा देहायमा उल्लेखित शेयरधनीहरु तथा उपस्थिति प्रतिनिधिहरुबाट देहाय बमोजिमका जिज्ञासा, प्रश्न तथा सुझावहरु प्राप्त भएको ।

क) **श्री चन्द्र नारायण श्रेष्ठ**

शेयरधनी चन्द्र नारायण श्रेष्ठले लिखित रुपमा दिनु भएको सुझावमा कम्पनीले शेयरधनीलाई लांभाश वितरण गर्न आवश्यक कार्य गर्नुपर्ने, जलविद्युत कम्पनीको सामुहिक संगठन बनाएर सरकारले तोकेको लाभ लिन प्रयत्न गरियोस, बिक्री आम्दानी घटेकोमा सो सम्बन्धमा के भएको हो जानकारी प्रदान गरिदिनु हुन, वित्तिय खर्च किन बढ्यो सो समेत विचार गर्नुपर्ने तथा हकप्रद शेयर जारी गरेर ऋण मुक्त हुनुपर्छ भन्ने लगायतका सुझाव प्रदान गर्नुभयो ।

ख) **श्री डम्मरु बल्लभ घिमिरे**

ASIAN Hydropower Ltd.

कम्पनीले आगामी वर्षदेखि साधारण सभा समयमा गर्नुपर्यो, कम्पनीको विस्तृत विवरण सहित वार्षिक प्रतिवेदन तयार गरिनु पर्ने र सो सँगै कम्पनीको प्रगतिको कामना समेत गर्नुभयो ।

ग) **श्री उत्तम पाठक**

कम्पनीले आगामी वर्षदेखि साधारण सभा समयमा नै गर्नुपर्यो, कम्पनीको खर्चहरुमा कुनैपनि अनियमतता नपाईएको, कम्पनीको आम्दानी राम्रो हुँदाहुँदै पनि ऋण र व्याज धेरै भएकाले कम्पनीले हकप्रद शेयर जारी गरेर घटाउन पहल गरिनुपर्ने, कम्पनीले अन्य प्रोजेक्टहरु पनि ल्याउनुपर्ने सुझाव दिनुभयो । साथै, संस्थागत शुशाशन राम्रो छ भनि सभामा जानकारी गराउनुभयो ।

घ) **श्री सुदिप श्रेष्ठ**

यस कम्पनीले निर्माण कार्य सम्पन्न गरिसकेको रहेछ त्यही भएर चाँडो भन्दा चाँडो लाभांश प्रदान गर्ने तर्फ थप कार्य गर्न सुझाव दिदै, आयोजना वरिपरि जग्गामा खेतीहरु गरि थप आम्दानी समेत गर्ने तर्फ सोचियोस ।

ङ) **श्री ब्रम्हदेव शाक्य**

पूर्वी नेपालमा बाढि आए पश्चात पनि यस कम्पनीको आयोजनामा त्यसले खासै क्षति नपुराएकोमा हामी खुशि छौं, यस कम्पनीको ऋण चाँडो घटाईयोस तथा नयाँ प्रोजेक्टहरुको आयोजना गर्ने प्रयत्न गरियोस भन्ने सुझाव सहित कम्पनीको आगामी दिनहरुमा अझै प्रगति होस भन्ने कामना गर्नुभयो ।

च) **श्री राम गोपाल मर्हजन**

यस कम्पनीले समयमा नै साधारण सभा गरेकोले सबैमा धन्यवाद दिन चाहन्छु । यस कम्पनीको आगामी दिनको कार्ययोजनाहरु सार्वजनिक गरियोस्, हकप्रद शेयर जारी गर्न सुझाव दिदै, खर्चको व्यवस्थापनलाई ध्यान पुराई शेयरधनीहरुलाई लाभांश वितरण गर्ने समेत सुझाव दिनु भयो ।

१३. **जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन**

सभामा उपस्थित भई शेयरधनीहरुले आफ्ना सुझाव सहितको जिज्ञाशा राख्नु भएपश्चात अध्यक्षज्यूले यस कम्पनीले आगामी दिनमा कम्पनीको ऋणबाट सृजित दायित्व क्रमशः घटाउदै लग्ने प्रयत्न गर्ने र कम्पनीले आगामी दिनमा अझै प्रगति गर्ने कुरामा केन्द्रित भई कार्य गरिने कुरा सभालाई विश्वस्त गराउनुभयो । यसका साथै सुझाव अनुसार अर्को आ.व.को वार्षिक साधारण सभा समयमा नै गर्न यथासम्भव प्रत्यन गर्ने समेत जानकारी गराउनुभयो ।

१४. **प्रस्तावहरुको प्रस्तुति**

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात अध्यक्षज्यूको निर्देशन बमोजिम कानुनी सल्लाहाकारले सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभा समक्ष कम्पनीको आर्थिक वर्ष २०७९/८० को संचालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको सोहि अवधिको वासलात विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित सामान्य प्रस्ताव अन्तर्गतका विषयसूचीहरु/प्रस्तावहरु अन्तर्गतका विषय सूचीहरु/ प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१५. **सामान्य प्रस्तावहरुको छलफल तथा निर्णयः**

१) **आ.व. २०७९/०८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

**निर्णयः**

ASIAN Hydropower Ltd.

प्रस्ताव नं. १ को उपर छलफल गर्दा यस कम्पनीको आगामी वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत गर्नका लागि संचालक समितिबाट तयार गरिएको कम्पनीको वार्षिक प्रतिवेदन सभामा अध्यक्षज्यूले पेश गर्नुभयो । सो आर्थिक वर्ष २०७९/०८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

२) **आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।**

निर्णय:

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सभामा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफलगरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३) **कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्णय:

प्रस्ताव नं. ३ उपर छलफल गर्दा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार कम्पनीको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भइसकेको र सभाले कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम कम्पनीको विद्यमान लेखापरीक्षक जी.प्रकाश एण्ड एशोसिएट्स पुनः नियुक्तिको लागि योग्य भएको र आ.व. २०८०/०८१ को लेखा परिक्षण गर्न सेवा शुल्क कर सहित रू.१,४१,२५०/-(अक्षरुपी एक लाख एकचालिस हजार दुई सय पचास मात्र) बाह्य भत्ता, स्थानिय सुविधा र यातायात खर्च बाहेक (Excluding of Out-Station Allowances and Transportation expenses) लेखा परीक्षण शुल्क दिने गरि नियुक्त गर्न प्रस्ताव स्वीकृति/अनुमोदनका लागि यस सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

४) **संचालक समितिबाट सिफारिश भई आएबमोजिम स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।**

निर्णय:

प्रस्ताव नं. ४ को उपर छलफल गर्दा सभाबाट निम्नबमोजिम निर्णयहरु गरियो ।

क) यस कम्पनीको नियमावलीको व्यवस्था भएबमोजिम कम्पनीको संचालक समितिका ५ जनाहरु मध्ये १ जना स्वतन्त्र संचालक नियुक्त गर्नका लागि नियमावलीमा तोकिए बमोजिमको अनुभव, दक्षता तथा योग्यता भएका निम्न ३ जना महानुभावहरु संचालक समितिबाट क्रमिक रुपमा प्राथमिकताको आधारमा नियुक्त गर्न सभा समक्ष निम्न महानुभावहरुको सिफारिश भई आएको देखिन्छः

१) भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. ५ बस्ने वर्ष ४८ को श्री राजकुमार लाखे
२) का.जि.का.म.पा. वडा नं. २८ बस्ने वर्ष ५२ को राजु शाक्य ।
३) भक्तपुर जि. मध्यपुर ठिमी न.पा. वडा नं. १३ बस्ने वर्ष ४८ को दिनेश श्रेष्ठ ।

ख) यस कम्पनीका संचालक समितिबाट माथि उल्लेखित व्यक्तिहरुलाई प्राथमिकताको आधारमा नियुक्त गर्न सभा समक्ष सिफारिश भएबमोजिम श्री राजकुमार लाखेलाई ४ (चार) वर्षको एक कार्यकालका लागि स्वतन्त्र संचालक पदमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

५) **समूह "क" अन्तर्गतका शेयरधनीहरु मध्येबाट ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा निर्णयः**

क) कम्पनीको समूह "क" अन्तर्गतका शेयरधनीहरु मध्येबाट ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम संचालन गराउन संचालक समितिबाट अधिवक्ता श्री रोशना गड्तौलाज्युलाई निर्वाचन अधिकृत नियुक्त गरिएको थियो । कम्पनीको नियमावली तथा सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८० बमोजिम हाल कायम संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एकजना महिला सहित ३ जना संचालकहरुको निर्वाचन प्रक्रिया संचालन गर्नका लागि निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया अगाडी बढाएको र मिति २०८०/०९/१७ मा उम्मेदवारी मनोनयन दर्ता गराउनका लागि तोकिएकोमा ३ जना महानुभावहरुले संचालक पदका लागि उम्मेदवारी मनोनयन गराएकोमा २०८०/०९/१९ मा उम्मेदवारी फिर्ता लिन तोकिएको समय भित्र मनोनयन दर्ता गर्ने कसैले पनि आफ्नो उम्मेदवारी मनोनयन फिर्ता नलिएको हुँदा अन्तिम रुपमा जम्मा निम्नबमोजिमको ३ जना शेयरधनीहरु मात्र कम्पनीको सचालक पदको लागि उम्मेदवारी दर्ता गरि मनोनयन भएको थियो ।

ख) आवश्यक संख्या ३ (तिन) जना उम्मेदवारहरुको मात्र मनोनयन दर्ता भएपश्चात कम्पनीको सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८० को दफा ९(१) बमोजिम संचालक पदहरुको लागि उम्मेदवारी दिनेको संख्या निर्वाचित हुनुपर्ने पद संख्या भन्दा बढी नभएकाले कम्पनीको संचालक समितिमा कम्पनीको समूह "क" अन्तर्गतका संस्थापक शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने पद संख्या ३ (तीन) को लागि निर्विरोध निर्वाचित हुनु भएकोले निर्वाचन अधिकृत अधिवक्ता श्री रोशना गड्तौलाज्यूले संचालक समितिको निर्वाचन हुँदा देहायको उम्मेदवारहरु संचालक पदमा कम्पनीको नियमावली तथा सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८० बमोजिम निर्विरोध निर्वाचित भएको सभा समक्ष घोषणा गर्नुभयोः

१) श्री शम्भु प्रसाद फयाल (प्रतिनिधी- सि.ई. कन्स्ट्रक्सन प्रा.लि.) संचालक
२) श्री शुष्मा श्रेष्ठ (प्रतिनिधी- ग्रान्डी होल्डीङस् प्रा.लि) संचालक
३) श्री रवि कृष्ण मुल्मी (प्रतिनिधी-उर्जा डेभलपर्स प्रा.लि.) संचालक

ग) यसरी निर्वाचन अधिकृतले जानकारी गराएबमोजिम सभाध्यक्षले कम्पनीको समूह "क" अन्तर्गतका संस्थापक शेयरधनीहरुको तर्फबाट तीनैजना संचालक पदमा निर्वाचित हुनु भएकोले निजहरुलाई संचालकमा निर्वाचित भएको घोषणा गर्नुभयो । तत्पश्चात्, निर्वाचन अधिकृत अधिवक्ता श्री रोशना गड्तौलाले नवनिर्वाचित तीनैजना संचालकहरुलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुका साथै सपथ ग्रहण गराउनुभयो । तत्पश्चात् सभाध्यक्षज्यूले नवनिर्वाचित संचालकहरुलाई क्रमशः मञ्चमा आसन ग्रहण गराउनु भयो ।

ASIAN Hydropower Ltd.

६) विविध:

निर्णय:

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

क) **धन्यवाद ज्ञापन:**

छलफलको निमित्त राखिएका समान्य तथा विशेष प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले कम्पनीको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र पाँचौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरू तथा निजका प्रतिनिधिहरुलाई सम्पूर्ण सहित शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

ख) **सभा बिसर्जन:**

अन्तमा दिउँसो २:०० बजे सभाका अध्यक्षज्यूले कम्पनीको पाँचौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..........................

**मनु मानन्धर**
**कम्पनी सचिव**

ASIAN Hydropower Ltd.

..........................

**शम्भु प्रसाद फयाल**
**अध्यक्ष**
**मितिः २०८०/०९/२७**